# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मंसीर १७ गते २०३६ साल

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

अन्तःशुल्क नियमहरू, २०१९ को नियम १६ को अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपालमा उत्पादित मैदा, चिनी वा चिया परिवर्त्य मुद्रामा भुक्तानी हुने गरी देहायको शर्त अधीनमा रही कसैले निर्यात गरेमा सो वस्तुमा लागेको अन्तःशुल्क छूट दिने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

(क) मैदा, चिनी वा चियाको उत्पादनकर्ता आफैले निर्यात गर्न चाहेमा आफूले निर्यात गर्न चाहेको वस्तुको कुल परिमाण, निर्यात गरिसक्ने अवधि र निर्यात गरिने मुलुकसमेत उल्लेख गरी पछि अन्तःशुल्क फिर्ता पाउने गरी निर्यात गर्ने स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।

(ख) उत्पादनकर्ता बाहेक अरूले उक्त वस्तुको निर्यात गर्न चाहेमा निर्यात गरिने वस्तु उत्पादन गर्ने उद्योगसंग सो वस्तु खरीद गर्ने सम्बन्धमा भएको सम्झौता तथा परफोर्माइन्भ्वाइससमेतको प्रमाणित प्रतिलिपि र खण्ड (क) मा उल्लेखित विवरणमासमेत खुलाई निवेदन दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. दफा १ बमोजिम दिएको निवेदनमा स्वीकृति प्राप्त भएपछि श्री ५ को सरकारमा दर्ता भएको उद्योगबाट उत्पादित मैदा, चिनी वा चिया स्वीकृत मुलुकमा निर्यात गर्न रीतपूर्वकको फाराम भरी सो फाराममा कुन मुलुकमा वस्तु निकासी हुने हो सोसमेत जनाई दरबन्दी अनुसारको लाग्ने अन्तःशुल्क नियमानुसार धरौटीमा बुझाई निकासी गर्नु पर्नेछ।

३. उपरोक्तबमोजिम रीत पुऱ्याई मैदा, चिनी वा चिया निकासी गरिएको आवश्यक प्रमाणका कागजातसहित भंसारबाट वस्तु निकासी भई गएको मितिले ३ (तीन) महीनाभित्र आफूले सो वस्तु निकासीको लागि धरौटीमा राखेको अन्तःशुल्क रकम फिर्ता लिन सम्बन्धित अन्तःशुल्क कार्यालयमा निवेदन दिनु पर्नेछ।

४. उपरोक्तबमोजिम रीतपूर्वकको निवेदन पर्न आए पछि सम्बन्धित अन्तःशुल्क कार्यालयले सो वस्तु बापत राखेको धरौटीको रकम फिर्ता दिने सम्बन्धमा आवश्यक कागजातसाथ अन्तःशुल्क विभागमा आफ्नो रायसाथ पठाउनु पर्नेछ।

५. अन्तःशुल्क कार्यालयबाट रायसाथ प्राप्त हुन आएको निवेदन र सोसाथ संलग्न निकासी गरिएको प्रमाण तथा सो बापत राखेको धरौटीको रकम सम्बन्धित कागजात हेरी जाँची स्वीकृत परिमाणको वस्तु स्वीकृत मुलुकमा स्वीकृत अवधिभित्र निकासी गरेको ठहरे निर्यातकर्तालाई अन्तःशुल्क बापत धरौटी राखिएको रकम फिर्ता दिइनेछ।

आज्ञाले–
देवेन्द्रराज पाण्डे
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

अन्तःशुल्क ऐन, २०१५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले तुलसीपुर दाङस्थित श्री अमर राइस मिल प्रा. लि. ले उत्पादन गरेको चामलमा उत्पादन गरेको मिति २०३६।२।१६ देखि प्रथम वर्ष शत प्रतिशत, द्वितीय वर्ष ७५ प्रतिशत र तृतीय वर्षमा ५० प्रतिशत अन्तःशुल्क रिहाई दिएको छ।

आज्ञाले–
शम्भुप्रसाद खनाल
श्री ५ को सरकारको उप-सचिव

८९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।